# रौतहटको गौरमा मधेशी जनअधिकार फोरम र माओवादीद्वारा आयोजित आमसभाका क्रममा भएको घटनाको स्थलगत अध्ययन प्रतिवेदन




*(गौर नगरपालिकाको नक्साको फोटो)*

## सारांश

२०६३ चैत ७ गते रौतहट जिल्लाको गौर नगरपालिका वडा नं. ५ स्थित राइस मिल्सको चौरमा मधेशी जनअधिकार फोरम र नेकपा (माओवादी) निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले आमसभाको आयोजना गरेका थिए । एकै ठाउँमा दुई पक्षले आयोजना गरेको आमसभास्थलमा भएको झडप तथा सभास्थलभन्दा टाढा मधेशी जनअधिकार फोरमका समर्थकले माओवादीका कार्यकर्तालाई नृशंश तवरले कुटपिट गर्दा ५ जना महिलासहित २७ जनाको ज्यान गएको थियो । मृतकहरूमध्ये २ जनाको सनाखत भएको छैन । त्यस्तै घटनाका क्रममा बेपत्ता ५ जना माओवादी कार्यकर्ताको स्थिति अज्ञात छ ।

मधेशी जनअधिकार फोरमले एक साता अघिदेखि नै राइस मिल्सको चौरमा २०६३ चैत ७ गते आमसभा गर्ने भनी प्रचार-प्रसार गरेको थियो भने माओवादी निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले सोही स्थान र मितिमा आमसभा गर्ने भनी एक दिन अघिमात्र मात्र प्रचार गरेको थियो ।

आमसभास्थलमा दुई पक्षबीच झडप हुँदा गोलीसमेत चलेको थियो । घटनास्थलमा ६ जना, गौर नगरपालिका क्षेत्रभन्दा बाहिर हजममिनिया गाविसमा ११ जना, मुडवलवा गाविस जाने बाटोमा २ जना, लक्ष्मीपुर बेलविछुवा गाविसमा २ जना तथा उपचारको क्रममा गौर अस्पतालमा ४ जना र भरतपुर लैजाँदै गर्दा बाटोमा २ जना गरी कूल २७ जनाको मृत्यु भएको थियो । मृतकहरू सबैको टाउकोमा गहिरो चोट लागेको थियो । उनीहरूलाई बाँसको भाटा, ढुंगा, इँटा प्रहार गर्नुका साथै आगोसमेत लगाइएको थियो । मारिनेहरू सबै माओवादी कार्यकर्ता हुन् । महिलाहरूको संवेदनशील अंगमा चोट पुऱ्याइएको थियो ।

उक्त आक्रमणमा ५२ जना घाइते भएका थिए, जसमध्ये सर्वसाधारण ३, फोरम समर्थक ४ र अन्य सबै माओवादी कार्यकर्ता थिए । उनीहरूको गौर अस्पतालामा सामान्य उपचार गरिएपछि नारायणी उप-क्षेत्रीय अस्पताल, विरगञ्जमा सिफारिस गरिएता पनि चितवनको मेडिकल कजेलमा भर्ना गरिएको थियो ।

## Summary

Madhesi Janadhikar Forum (MJF) and CPN (Maoists) affiliated Madhesi Rastriya Mukti Morcha (MRMM) had organized a mass meeting at Rice Mills Ground, Gaur Municipality-5 in Rautahat district on 21 March 2007. The clash that ensued at the venue, where both sides had organized their meetings, and the brutal beatings of the Maoists cadres by the activists of the MJF led to the death of 27 persons including five women. The whereabouts of five Maoist cadres are unknown till date.

MJF had announced its meeting scheduled on 21 March at the Rice Mills ground a week earlier while MRMM had publicized its meeting at the same place and date only a day earlier.

Shots were also fired during the clash in the meeting venue. Of the 27 persons who lost their lives in the incident, six were killed in the clash site, 11 were killed in Hajmaniya VDC outside Gaur Municipality, two were killed on the way to Mudwalawa VDC, two were killed in Belbichuwa VDC, four died while undergoing treatment at Gaur Hospital and two died while being taken to Bharatpur. All of them had deep injuries in their heads. They were beaten with split bamboo sticks, were stoned and even torched. All of the deceased were Maoists cadres. Among them, injuries were inflicted at sensitive organs of women.

Fifty-two persons were injured in the incident. Out of which three were civilians, four were MJF supporters and the rest were Maoist cadres. The injured were admitted to Chitwan Medical College though they were referred to Narayani Sub-Regional Hospital in Birgunj after undergoing primary treatment at Gaur Hospital.

# गौर घटनाले पढाएको पाठ

**– सुबोधराज प्याकुरेल**
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
सचिवालय, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी)

रौतहटको गौरमा ०६३ चैत ७ गते घटाइएको नरसंहारको घटना जहाँसुकै रहेका, जुनसुकै भाषा, क्षेत्र र संस्कारका भए पनि हामी नेपाली जनतामा रहेको शान्ति, सद्भावना र समानुभूतिको इतिहासलाई नामेट पार्ने योजनाबद्ध र आपराधिक क्रियाकलापको प्रतिफल हो ।

- अरुलाई मान्छे नगन्ने र बल प्रयोग गरेर कज्याउने दम्भले ग्रस्त माओवादीले मधेशी जनअधिकार फोरमको सार्वजनिक कार्यक्रम बिथोल्ने गरेबाट फोरम आक्रोशित थियो । गौरमा फोरमको आमसभा बिथोल्न माओवादीले उही ठाउँ र उस्तै समयमा समानान्तर कार्यक्रमको घोषणा गरेपछि यसले खतराको आगोमा ज्वालामुखीको घीउ थप्यो ।

- जतिसुकै रिस उठेपनि, जुन तरिकाले पाशविक हत्या भएको छ, ती अपराध गर्ने र गराउनेहरु संसारको कुनै पनि आम नरसंहारकभन्दा कम अपराधी होइनन् । तिनलाई कानुनबमोजिम कारवाही गर्न सकिएन भने यो देशको सुरक्षा व्यवस्था र कानुन मर्‍यो भनेर सद्गत गरिदिए हुन्छ । सरकारमा बस्नेहरुले फलानोको पालाको र फलानो बेलाको भनेर उम्किन पाउँदैनन् । यो घटनामा न्याय दिन नसक्नेले सरकार मात्र होइन, नागरिकता समेत त्यागेर वानप्रस्थ वा धर्माटनतिर लागेहुन्छ ।

- यस्ता आम चरित्रका, योजनाबद्ध र लक्षित अपराधका कारक नउम्किउन् भनेर हामीले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को रोम विधान अनुमोदनको माग गरेका हौं । संसदले सर्वसम्मत निर्णय गरेर अनुमोदनका लागि सरकारलाई निर्देशन दिएको आठ महिना बितिसक्दा पनि संसदभन्दा जान्ने, ठूलो र अख्तियारवाला म हुँ भन्ने दम्भले ग्रस्त भएर सरकारले एकपछि अर्को अध्ययन टोली बनाउँदै, तिनको प्रतिवेदन पर्खिएको स्वाङ रचेर समय बितायो । र, अझै त्यो विधान अनुमोदन गरिएको छैन । भविष्यमा यस्ता अपराध गर्नुपरे गरौंला र राजनीतिक सहमतिको नाममा पानी माथिको ओभानो बनौंला भन्ने कुत्सित मनसायका नालायक नेताहरुको अनुहार यो घटनाले उदांगो पारिदिएको छ ।

- महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक आलेखमा बन्देज राखेर अनुमोदन गर्ने पनि तिनै मन्त्रीहरु हुन् । अरुको त जागीर गयो, प्रधानमन्त्री र गृहमन्त्रीले चाहिँ पुरस्कार पाउनुभएको छ । उहाँहरु के भन्नुहुन्छ ?

- कुराजति सामाजिक, व्यक्तिगत, संस्कारगत विभेदको उठाउने तर समाधानका लागि अन्तरिम सरकार र संसदमा बढी सीटमात्र माग्ने उल्काको प्रचलन नेपालमा शुरु भएको छ । जसको जति जनसंख्या छ, त्यसका त्यति नै प्रतिनिधि चुनावमा जित्नेछन् भन्ने आत्मविश्वास नभएका र झुण्ड र वितण्डामार्फत् जातीय विखण्डन ल्याएर विचारको राजनीतिलाई परास्त गर्न चाहनेहरुको षडयन्त्रको शिकार सामान्य नेपालीलाई बनाइएको छ ।

- फागुन २२ गते फोरमले झुण्ड्याइदिएको डेढ इन्चको ताल्चासँग डराएर अझै सरकारी र सार्वजनिक कार्यालय खोल्ने हुति नभएको गृहमन्त्रीले हिजै मात्र अब कडाई गर्छु भन्नु हुटिट्याउँले सगर थाम्छु भन्नुबाहेक अरु केही हुन सक्दैन । योजनाबद्ध ढंगले, त्रस्त र पराजित बनाइएको नेपाल प्रहरी, राजनीतिक त्रासमा बाँच्न विवश गृह प्रशासन र अन्यौल र अन्तर्विरोधग्रस्त संविधान र कानुन लादिएको न्यायालय, सबै-सबैलाई पंगु बनाइएको छ ।

आफ्ना सारा अबुझ, मूढे र लम्पट मानसिकताबाट ब्यूँतन नेपालका राजनेताहरुलाई यो घटनाले पाठ पढाउन सकेन भने यो मुलुक अब असफल राष्ट्र सावित हुने कुरामा शंका छैन ।

**पृष्ठभूमि**

२०६३ चैत ७ गते मध्यमाञ्चलको रौतहट जिल्ला सदरमुकाम गौर नगरपालिकास्थित गौर राइस मिल्सको चौरमा मधेशी जनअधिकार फोरम र नेकपा (माओवादी) निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाबीच भडप भयो । भडपमा २७ जनाको मृत्यु भयो भने ५२ जना घाइते भए । घटनाबारे जानकारी प्राप्त भएपश्चात् त्यसको सत्यतथ्य अध्ययनका लागि मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी) को टोली घटनास्थलतर्फ प्रस्थान गऱ्यो । टोलीले २०६३ चैत १३ गतेदेखि १६ गतेसम्म घटनाको स्थलगत अध्ययन गऱ्यो । त्यसक्रममा टोलीले पीडित, पीडितका परिवार, प्रत्यक्षदर्शी, स्थानीय प्रशासन र उपचारमा संलग्न स्वास्थ्यकर्मीहरू तथा सम्बन्धित व्यक्तिहरूसँग भेट गरी घटनाको अध्ययन गऱ्यो ।

**अध्ययनको उद्देश्य**

१. घटनाको सत्यतथ्य पत्ता लगाउने
२. घटनाको सत्यतथ्यसहितको प्रतिवेदन तयार तथा सार्वजनिक गर्ने

**अध्ययन पद्धति**

१. घटनास्थलको अवलोकन
२. घटनाको सम्बन्धमा प्रकाशित सामग्रीहरूको अध्ययन
३. घाइते, प्रत्यक्षदर्शी, मृतकका परिवार, स्थानीय प्रशासन, सुरक्षा निकाय, उपचारमा संलग्न स्वास्थ्यकर्मी, पत्रकार, मानवअधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधिहरूसँग भेट गरी घटनाको विवरण संकलन गर्ने

**अध्ययन टोली**

| | |
|---|---|
| बिमल चन्द्र शर्मा | इन्सेक, काठमाडौं |
| भोजराज अधिकारी | मानवअधिकार एलाइन्स, काठमाडौं |
| सुषमा गौतम | महिला कानून र बिकास मञ्च |
| रमेश शर्मा | फोरम फर प्रोटेक्सन अफ पिपुल्स राइट्स |
| राजु पासवान | इन्सेक जिल्ला प्रतिनिधि, काठमाडौं |
| बिपीन गौतम | इन्सेक जिल्ला प्रतिनिधि, रौतहट |

**घटनाको संक्षिप्त विवरण**

घटना : दुई पक्षबीच भीडन्त र आक्रमणमा हत्या र घाइते
घटना मिति : २०६३ चैत ७ गते दिनको  करिब २ बजे
घटनास्थल : रौतहट जिल्ला गौर नगरपालिका वडा नं. ५ स्थित गौर राइस  मिल्स तथा गौर जिल्लाकै हजममिनिया गाविस, मुडवलवा गाविस जाने बाटो र लक्ष्मीपुर बेलविछुवा गाविस

**घटना विवरण**

मधेशी जनअधिकार फोरम, रौतहटले आफ्ना केन्द्रीय अध्यक्ष उपेन्द्र यादवसमेतको उपस्थितिमा २०६३ चैत ७ गते जिल्ला सदरमुकाम गौर नगरपालिका-५ स्थित राइस मिल्सको चौरमा आमसभा गर्ने भनी स्थानीय एफएम रेडियो र पर्चामार्फत् करिब ७ दिन अघिदेखि प्रचार-प्रसार थालेको थियो । नेकपा (माओवादी) निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले पनि सोही स्थान र मितिमा आमसभा गर्ने भनी २०६३ चैत ६ गते गौरमा प्रचार गरेको थियो ।

नेकपा (माओवादी) ले आमसभाको लागि युथ कम्युनिष्ट लिग (YCL) का सदस्यहरूलाई चैत ६ गते मकवानपुर र बाराबाट दुईवटा ट्रकमा गौर ल्याएको थियो ।

आमसभास्थल राइस मिल्स चौरमा करिब १०० मिटरको दूरीमा उत्तरतर्फ माओवादीले र दक्षिणतर्फ मधेशी जनअधिकार फोरमले आ-आफ्ना मञ्च निर्माण गरेका थिए । चैत ७ गते बुधवार बिहान ११ बजेदेखि गौरमा फोरमका कार्यकर्ताहरूले लाठीसहित जुलुस आयोजना गरी नगर परिक्रमा गर्दै आमसभास्थल गइरहेका थिए । गाउँ-गाउँबाट आएको मधेशी जनअधिकार फोरमको जुलुस पनि गौर बजार परिक्रमा गर्दै आमसभास्थल जाँदै थियो । दिनको करिव १:४५ बजेतिर माओवादीको पनि जुलुस निस्कियो । फोरम र माओवादीको जुलुस अदालत चोकनिर जम्काभेट हुँदा दुवैले एक अर्कालाई ताली बजाएर स्वागत गरेका थिए । फोरमको मञ्चमा आमसभा सुरु भइसकेको थियो । उद्घोषकले आफ्ना केन्द्रीय उपाध्यक्ष रामप्रसाद विश्वासलाई अतिथिको आसन ग्रहण गराइसकेका थिए । माओवादीको जुलुसले नगर परिक्रमा गरिरहेको समयमा दिनको करिब २:०५ बजेतिर  फोरमका १५-२० जनाको समूहले

माओवादीको मञ्च तोडफोड गर्न थाले । फोरमको सभामा स्वागत भाषण गर्न सुरु भएको अवस्थामा माओवादीका कार्यकर्ताहरू राइस मिल्स चौरको उत्तरपट्टीबाट दौड्दै फोरमको मञ्चतर्फ गएर तोडफोड गर्न थाले । मञ्च वरीपरीको क्षेत्रबाट दुईवटा गोलीको आवाज आएको थियो । मानिसहरूबीच भागदौड मच्चिन थालिसकेको थियो । मञ्चको वरिपरी माओवादीका कार्यकर्ताहरूमात्र रहेका थिए । त्यही बेला फोरमको मञ्चको पश्चिम-दक्षिण कुनाबाट एक फायरको आवाज आएको र त्यसपछि मञ्चको विभिन्न कुनाबाट गोली तथा बमको ठूलो-ठूलो आवाज आएको थियो ।

दुवैपक्षले आमसभा गरेको स्थल राइस मिल्सको चौर केही क्षणमै रणभूमिमा परिणत हुनपुग्यो । घटनास्थलमा सुरक्षाकर्मीहरूको उपस्थिति देखिएन । प्रमुख जिल्ला अधिकारी प्रहरीसँग सम्पर्क बाहिर रहेका थिए । स्थिति नियन्त्रण भन्दा बाहिर गइसकेको र घटनास्थलमा ६ जनाको शव प्राप्त भएको जानकारी पाएपछि प्रमुख जिल्ला अधिकारी सम्पर्क बाहिर रहेकाले प्रहरी उपरीक्षक आफैले दिउँसो २:४५ बजेदेखि कर्फ्यू आदेश जारी गरेको पाइयो ।

आमसभास्थलमा ६, गौर नगरपालिका क्षेत्रभन्दा बाहिर हजममिनिया गाविसमा ११, मुडवलवा गाविस जाने वाटोमा २, लक्ष्मीपुर बेलविछुवा गाविसमा २ गरी जम्मा २१ वटा लास फेला परेका थिए । उपचारको क्रममा गौर अस्पतालमा ४ र भरतपुर लैजाँदै गर्दा बाटोमा २ गरी जम्मा २७ जनाको मृत्यु भएको थियो । मृतकहरूमध्ये २५ जनाको मात्र सनाखत भएको छ भने २ जनाको हालसम्म पनि सनाखत भएको छैन । घटनाका क्रममा बेपत्ता पाँच जना माओवादी कार्यकर्ताहरूको स्थिति हालसम्म अज्ञात छ । (मृतकको नामावली अनुसूची-एक, बेपत्ताहरूको नामावली अनुसूची-दुई र घाइतेहरूको नामावली अनुसूची-तीनमा समावेश गरिएको छ ।)

मृतकहरू सबैको टाउकोमा गहिरो चोट देखिन्थ्यो । उनीहरूलाई बाँसको भाटा, ढुंगा र इँटा प्रहार तथा आगोसमेत लगाइएको थियो । मारिनेहरू सबै माओवादी कार्यकर्ता हुन् । घाइतेहरूमा केही सर्वसाधारण र फोरमका कार्यकर्तासहित धेरैजसो माओवादी कार्यकर्ता थिए । घाइतेहरू गौर नगरपालिकाको विभिन्न क्षेत्रमा भेटिएका थिए । घटनामा करिब ५२ जना घाइते भएका थिए । करिब ४१ जना घाइतेहरूलाई गौर अस्पतालमा सामान्य उपचारपछि थप उपचारको लागि नारायणी उप-क्षेत्रीय अस्पताल, विरगञ्जमा सिफारिस गरिएता पनि चितवनको मेडिकल कजेलमा भर्ना गरिएको थियो । उपचारार्थ गौर अस्पतालमा आएका एक माओवादी कार्यकर्तालाई फोरम समर्थकहरूले अस्पताल परिसरभित्रै कुटपिट गर्दा प्रहरीले हस्तक्षेप गरी बचाएको थियो ।

जिल्ला सदरमुकाम गौरभन्दा करिब १० किमि उत्तरतर्फ हजमिनिया गाविसअन्तर्गत पताही टोलको पूर्वपट्टी वाग्मती नदीको किनारसम्म भागेका माओवादी कार्यकर्ताहरूमध्ये ३ महिला र ८ पुरुषलाई कब्जामा लिई करिब ३ किमि गौर नगरपालिकातर्फ, गाउँभन्दा पश्चिमपट्टी बौधीदेवीको मन्दिरमा ल्याइ बाँसको भाटा, ढुङ्गा र इँटा प्रहार गरी मन्दिरमा बली दिएर, आगोसमेत लगाई हत्या गरेको पाइयो । स्थानीय प्रत्यक्षदर्शीहरूको भनाई अनुसार, कब्जामा लिइएका ३ जना महिलालाई नाङ्गै पारेर बलात्कार गरिएको र पुनः कपडा लगाई मन्दिरमा ल्याई हत्या गरिएको भनिए पनि पोष्टमार्टम रिर्पोट र लाश जाँच मुचुल्का अनुसार बलात्कार भएको नदेखिएको बताइएको छ । गौर अस्पतालमा ल्याइएका शवहरूको पोष्टमार्टम गर्दा अपनाउनु पर्ने न्यूनतम चिकित्सा तथा कानुनी कार्यविधि अपनाइएको पाइएन । कुनै पनि शव चिरिएको र भित्री भागको अध्ययन गरिएको पाइएन ।

घटनाका घाइतेहरूको टाउकोमा चोट लागेको छ । मृतकहरूको पनि टाउकोमा चोट लागेको र सोही चोटका कारण मृत्यु भएको पोष्टमार्टम रिपोर्टमा देखाइएको छ । पोष्टमार्टम रिपोर्ट र डाक्टरको भनाइमा एक जनालाई मात्र बन्दुकको गोली लागेको भनिएको भए पनि मृत्युको कारण गोलीबाट देखिएको छैन ।

गौर नगरपालिका वडा नं. ९ बरेवा चोकमा ११-१२ जनालाई मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले कुटपिट गरी एकै ठाउँमा जम्मा पारेर मट्टीतेल खन्याई सलाई खोज्दै गरेको अवस्थामा प्रहरीले हवाई फायर गर्दै उद्धार गरेको पाइयो । हाल गौरको अवस्था सामान्य रहे पनि प्रायः सरकारी कार्यालयहरू संचालनमा आएका छैनन् ।

घटनाका प्रत्यक्षदर्शीहरू आफनो नाम भन्न र फोटो खिचाउन समेत डराएका थिए ।

## घाइतेहरूको भनाई

**विमला विश्वकर्मा (सुष्मा), १८ वर्ष**
हाम्रो कार्यक्रम सुरु हुन लागेको थियो । फोरमका मान्छेहरूले हाम्रो मञ्च भत्काए । त्यसपछि हाम्रा साथीहरूले पनि त्यसको प्रतिकार गर्न खोज्दा भागाभाग भयो । म भागेर नजिकैको घरको शौचालयमा लुक्न खोज्दा घेरा हालेर चार-पाँच जनाले समातेर टाउकै-टाउकामा पिटे । मेरो टाउकोमा हेर्नोस्, टाँका लागेको तीन-चार वटा घाउ छ । उनीहरूले पिट्दै मलाई आगो लगाउने कुरा गरे तर कर्फ्यु लागेपछि उनीहरू भागे । हामी कार्यक्रम सफल बनाउन मकवानपुरबाट वाई.सी.एल.का ४० देखि ४५ जनाको समूहमा आएका थियौं । मलाई यस्तो घटना हुन्छ भनेर थाहा थिएन ।

**सियापती माझी (मीना), २६ वर्ष**
माओवादी र मधेशी जनअधिकार फोरमको जुलुसपश्चात् फोरमका मानिसहरूले हाम्रो मञ्च तोडफोड गरे । त्यतिखेर हामी धर्मशालामा थियौं । हाम्रा साथीहरूले मञ्च तोडफोड भएको जानकारी गराएपछि हामी आमसभा स्थलतिर जाँदा उनीहरू भागे तर पछि पुनः संगठित भएर आक्रमण गर्न आए । हाम्रा साथीहरूले "त्यसो नगर" भन्दा पनि उनीहरूको फायरबाट हाम्रा तीन जना साथीहरू घटनास्थलमै ढले । त्यसपछि हामी त्यहाँबाट भाग्न खोज्दा फोरमका चारजना कार्यकर्ताले मलाई पक्रेर बलात्कारको प्रयास गरे, तर मैले लात्तीले हानेर ढलाएँ र भागें तर फेरी खेदेर समाते । उनीहरूले मलाई "रन्डीलाई मार्दो" भन्दै लात्ताले पेटमा हाने । पुनः दुवै तिघ्रामा लात्ती र भाटाले हानेर घाइते बनाए । मलाई उभिन्डो पारेपछि मैले वान्ता गरें । त्यतिखेरै कर्फ्यु लागेपछि उनीहरूले मलाई छाडेर भागे । मलाई बलात्कारको प्रयास गर्ने चारजना मध्ये दुई जना गौरकै विजय र नगिन्द्र हुन् ।

**पुजा साह, १७ वर्ष**
फोरमले भारतबाट मान्छे ल्याई हामीमाथि आक्रमण गराए । फोरमका कार्यकर्ताले माओवादीलाई मारी दे भने । उनीहरूको हातमा राइफल, भाटा र लाठी थियो । उनीहरूको साथमा भारतीय मानिस पनि थिए । गौरकै दरबारियाहरू पनि त्यहाँ रहेका थिए । हामीसँग हतियार तथा लाठी केही पनि थिएन । उनीहरूले मलाई बन्दुकको कुन्दा र बाँसको भाटाले हिर्काए । त्यतिखेरै एउटाले "माओवादीको मार्दो" भन्यो तर अर्कोले "इन लोगोंको तड्पा-तड्पाके मारो" भन्यो र उनीहरूले कुटपिट गरे । मेरो टाउको काटिएको छ भने ढाडमा चोट लागेको छ ।

**सन्तोषी न्यौपाने, १७ वर्ष**
कार्यक्रम शान्तिपूर्ण तरिकाले गर्ने भनि पहिले हामीले मञ्च बनाएकोमा फोरमका कार्यकर्ताले तोडेर आफ्नो मञ्च बनाएका रहेछन् । जुलुसपछि आमसभाका लागि मञ्च बनाएको ठाउँ गौर राइस मिल्सनेर पुग्दा उनीहरूले आक्रमण गरे । भीडबाट "पिट पिट" भन्ने आवाज आयो । पाहाडीयालाई देख्नासाथ मधेशीले पिट्ने अवस्था थियो । हामी भाग्ने कोशिश गर्दा उनीहरूले घेरिसकेका थिए । हामीलाई समातेर बाँसको भाटाले पिटेर घाइते बनाए । फोरमका कार्यकर्ता गौरका र बाहिरीया पनि थिए । हाम्रो समूहमा १५ जना जति थियौं । त्यसमध्ये दुई जना महिला थियौं । उनीहरूले पाहाडिया र माओवादीलाई नछोड्ने भन्दै कुटपिट गरे । मैले देखेको हतियारमा, उनीहरूले माउजर र कटुवा लिएका थिए । व्यक्तिलाई ताकेर गोली चलाएको मैले देखिन । बाहिर फायर गरे ।

**विवेक थापा, २१ वर्ष**
मेरो कार्यक्षेत्र रौतहटको ४ नम्बर क्षेत्र हो । तीन दिन अगाडि मात्र हाम्रो कार्यक्रम हुँदैछ, त्यसमा बारा, पर्सा, रौतहट, मकवानपुरका कार्यकर्ता जम्मा भएर कार्यक्रम सफल पार्ने निर्देशन आएको थियो । कार्यक्रमको अघिल्लो दिनमै हामी सो ठाउँमा पुगी धर्मशालामा बसेका थियौं । त्यहाँको भुगोलको बारेमा हामी पूर्णतः अनभिज्ञ थियौं । मैले १५ जना साथीको नेतृत्व गरेको थिएँ । कार्यक्रमको अघिल्लो दिन बेलुका मात्र हामीले फोरमको कार्यक्रम पनि हाम्रै कार्यक्रम भएकै ठाउँमा छ भन्ने हल्ला सुन्यौं । भोलिपल्ट कार्यक्रममा पहिला फोरमको जुलुस आयो, जुलुसमा मधेशी एकता जिन्दावाद, माओवादी मुर्दावाद भन्ने नारा लगाएका थिए । उक्त जुलुसमा भारतीय नम्बर प्लेटको एउटा गाडी हतियारसहित लाठी लिएका मान्छे लिएर कार्यक्रम हुने ठाउँमा आएको थियो । फोरमका कार्यकर्ताले हाम्रो मञ्च भत्काइसकेका रहेछन् । उनीहरूको कार्यक्रम शुरु भएपछि हामी जुलुस गर्दै गयौं । हामी जुलुसबाट मञ्च भएको ठाउँतिर जाँदै गर्दा मञ्च भत्काएको भन्ने खबर पाएपछि साथीहरू आक्रोशमा आउनु भयो । सबैलाई संयमित हुन आग्रह गर्दै हामीसँग हतियार केही पनि नभएको कुरा प्रष्ट पार्‍यौं । हाम्रो जुलुस मञ्चभित्र पुग्नासाथ घेरा हाल भन्ने आवाज आयो र उनीहरूले अंग्रेजी अक्षर C आकारमा तीनतिरैबाट घेरा हाली ग्रिनेड फालेका कारण हाम्रा साथीहरू भाग्न सक्नु भएन । उत्तरतिरबाट फायरिङ शुरु भयो र घटनास्थलमै पाँचजना हाम्रा साथीहरू ढले । त्यसपछि हामी भाग्ने क्रममा राइस मिलको पछाडि भारतीय नम्बर प्लेटका गाडीहरू लाइन लगाएर राखेका थिए । वीपी चोक छेउमा

पुग्दा लाठी, भाला लिएर उनीहरू आए र नजिकैको तीन तल्लाको घर पछाडि दल-दलमा हाम्रा दुई जना साथीहरू भासिनु भयो । त्यसको छेउको चौपालमा मेरो समूहको साथीहरू बस्यौं । हामीसँग सामान्य लाठीसमेत थिएन । त्यसैले आत्मसमर्पण गर्ने निर्णय गरी आत्मसमर्पण गरेपछि उनीहरूले हामीलाई कुट्न थाले । मलाई खुकुरीले प्रहार गर्न खोज्दा म भाग्ने क्रममा मेरो खुट्टामा खुकुरीको चोट लाग्यो । घाइते अवस्थामा पनि पर्खाल नाघेर रोडमा पुग्दा मेरो ग्रुपको महिला साथीलाई उनीहरूले बलात्कारको प्रयास गरिरहेको देखें । उनीहरूको समूहमा रहेकामध्ये स्थानीयको मुखमा रुमाल बाँधिएको थियो भने भारतीय मूलका मान्छेको मुखमा केही बाँधिएको थिएन । पछि उनीहरूले मलाई समाई खुकुरी र लाठीले टाउकोमा प्रहार गरे र म ढलें । तैपनि उनीहरूले हिर्काइरहेका थिए । चिनेको माओवादी पहाडी र मधेशीलाई मार भन्दै कुटेका थिए । लगभग दुई घण्टा कुटपिट गरेपछि कर्फ्यू लाग्यो र प्रहरीले हवाई फायर गर्दै आएपछि छाडेर भागे । तीस मिनेट पहिले मात्र कर्फ्यू लागेको भए धेरैको ज्यान बच्ने थियो ।

**एक महिला (नाम नखुलाइएको) स्थानीय बासिन्दा**
झडप पछि माओवादी कार्यकर्ताहरू भागेर मेरो घरमा लुकेर बसे । उनीहरू त्यहाँबाट गइसकेपछि घरमा माओवादीलाई किन लुकाएर राखिस् भनी फोरमका कार्यकर्ताहरूले मलाई कुटे । पाँच सात जनाको समूहले लात्तीले तल्लो पेटमा हिर्काए ।

**एक महिला (नाम नखुलाइएको) स्थानीय बासिन्दा**
घटना भएको दिन माओवादीको भागाभाग थियो । भाग्दाभाग्दै एकजना माओवादी मेरो घरमा आएर एकछिन अन्दाजी ५-७ मिनेट जति बसी त्यसपछि निस्केर भाग्दा फोरमका मानिसले देखेछन र यसले नै माओवादीलाई लुकाएर राखेको हो भनि ७-८ जना व्यक्तिमध्ये एकजनाले मुक्काले तीन पटक छातीमा हाने र लात्ताले एक पटक पेटमा हान्यो । त्यसपछि तीमध्येकै अन्यले महिलालाई पनि के हान्ने छोडिदेउ भनेपछि उनीहरू सबै फर्के ।

**डा. एन. एस. रेडी, मेडिकल कलेज शिक्षण अस्पताल, भरतपुर, चितवन**
गौर घटनामा परि घाइते भएका ४१ जना यस अस्पतालमा उपचारका लागि ल्याइएका छन् । जसमध्ये सात जना महिला तथा ३४ जना पुरुष छन् । घाइतेहरूमध्ये एक जना महिलाको अवस्था गम्भीर छ । अधिकांश घाइतेहरूको टाउकोमा चोट लागेको छ ।

## सरकारी अधिकारीहरुको भनाई

**दुर्गा भण्डारी, प्रमुख जिल्ला अधिकारी, रौतहट**
अपराधीहरूको खोजीकार्य तीव्र पारिएको छ । हाल पसलहरू संचालनमा आइरहेका र यातायात सुचारु भइरहेको छ । कार्यालय संचालनका लागी कर्मचारीहरूको असहयोगी क्रियाकलाप देखिएको छ । कार्यालय खुल्ला छ तर काम-कारवाही भइरहेको छैन । कार्यालय प्रमुख झिकाउने प्रयास भइरहेको छ ।

आठ दलसँग बैठक भइरहेको छ । कार्यालय संचालनका लागि आठ राजनीतिक दलले सहयोग गर्ने सहमति जनाएका छन । शान्ति सुव्यवस्था सामान्य तुल्याउने प्रयास भइरहेको छ । यसका लागि थप सुरक्षा बलको माग गरिएको छ । अहिलेसम्म अनुसन्धानको क्रममा ६ जनालाई नियन्त्रणमा लिइएको छ । निर्दोष मानिस नपरोस् भन्ने उद्देश्यले अदालतसमक्ष उपस्थित नगराइएको हो । भारतीय सुरक्षा निकायसँग हाम्रो निरन्तर सम्पर्क भइरहेको छ ।  भारत तर्फबाट अझैसम्म कसैलाई पनि सुपुर्दगी गरेको छैन ।

**रामकुमार खनाल, प्रहरी उपरीक्षक, रौतहट**
फोरमको कार्यक्रममा १:३० बजेतिर मान्छे जम्मा हुन थाले । फोरमका कार्यकर्ताले माओवादीको मञ्च भत्काइदिए । त्यसपछि उक्त ठाउँमा माओवादी कार्यकर्ता पुग्दा झडप भएको  थियो । झडपको लगत्तै तीनतर्फबाट फायरिङ भएको थियो । तर कुन पक्ष सामेल छ भन्ने थाहा भएन । भागदौड हुँदा लाठीले हानाहान भएपछि सई (प्रनानि) ले २ राउण्ड हवाई फायर गर्दा पनि स्थिति सामान्य नभएपछि कार्यालयमा जानकारी गराएपछि प्रहरी निरीक्षक होमजंग चौहानको नेतृत्वमा मोबाइल टोली पठाइयो । उनले भिड नियन्त्रण गर्न दर्जनौं हवाइफायर गरे ।

दिउँसो २:०५ बजे झडप भयो । २:१० बजे प्रहरीको थप बल घटनास्थलमा पुगेको थियो र २:१५ मा नै २:४५ देखि कर्फ्यु जारी हुने भनि माइकिङ गरिएको थियो ।

पोष्टमार्टम रिपोर्ट अनुसार महिलामाथि बलात्कार भएको छैन । एकजना महिलाको स्तनमा घाउ देखिएको छ । पोष्टमार्टम गौर अस्पतालमा नै गरिएको हो । रिपोर्ट हामीसँग छ । पोष्टमार्टम गर्दा लासको टाउको तथा शरीर खोल्नुपर्ने हो तर दुवै खोलिएको छैन । यो काम हाम्रो होइन, तर डाक्टरले किन नगरेको भन्ने हामीलाई थाहा भएन । तीनवटा लास जलेको अवस्थामा फेला परेको हो, जसमा एउटा लास पूरै जलेको, एउटाको खुट्टामात्र जलेको र अर्कोको कम्मरमुनी पूरै जलेको थियो ।

घाइतेलाई उपचारार्थ हेलिकप्टर झिकाउने प्रयास भएको हो । सेनाबाट सकारात्मक प्रतिक्रिया आएको हो । सशस्त्र प्रहरीको ट्रकमा घाइतेहरूलाई चितवनको मेडिकल कलेजमा पठाइयो । विरगञ्ज अस्पतालमा दक्ष जनशक्तिको अभाव भएको हुँदा चितवनमा उपचारका लागि पठाइएको हो ।

प्रहरी नायव उपरीक्षक (डीएसपी) कुबेर कडायतको संयोजकत्वमा अनुसन्धान कार्य भइरहेको छ । उक्त टोलीलाई सहयोग गर्न प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) पुष्करनाथ रेग्मीको नेतृत्वमा आएको टोलीले समेत अनुसन्धान गरिरहेको छ । अनुसन्धानको क्रममा ६ जनालाई गिरफ्तार गरिएको छ । रगत र रौं लागेको ढुंगा र भाटा तथा रगत लागेको माटो संकलन गरिएको छ । घटनास्थलबाट थ्री नट थ्रीको खोका फेला परेको छ । बेवारिसे अवस्थामा एक थान पेस्तोल अन्यत्रबाट बरामद भएको छ । घटनास्थलमा लाठी र गोलीको प्रयोग भएको पाइएको छ । नेपाल प्रहरी र भारतीय प्रहरीबीच समन्वय गरी दोषी खोज्ने क्रम जारी छ ।

**कुबेर कडायत, प्रहरी नायव उपरीक्षक, रौतहट**
घटनाका दोषीबारे अनुसन्धान गर्दैछौं । घटनामा संलग्न रहेको आशंकामा सात जनालाई पक्राउ गरिएको छ । जसमध्ये एक जना शंकर दासलाई विना गोलीको घरेलु कट्टुवा पेस्तोलसहित गिरफ्तार गरियो । घाइतेमध्ये एकजनालाई बायाँ हातमा गोली लागेको थियो । पोष्टमार्टमको रिपोर्टअनुसार महिलाउपर बलात्कार भएको देखिँदैन । एक महिलाको लाश ९० प्रतिशत जलेको अवस्थामा थियो भने दुइवटा मध्ये एकको खुट्टामा र अर्कोको शरीर जलेको थियो ।

बरहवा चोकमा १२ देखि १५ जना घाइतेलाई मट्टीतेल खन्याएर जलाउन लागिएको अवस्थामा प्रहरीले उद्धार गरे । त्यसैगरी एउटा घरमा माओवादी लुकेको आरोपमा घरै जलाउन लागेको अवस्थामा प्रहरीले बचाउ तथा उद्धार गऱ्यो । प्रमुख जिल्ला अधिकारीसँग सम्पर्क हुन नसकेकोले स्थितिलाई नियन्त्रणमा लिन हाम्रो आफ्नै पहलमा कर्फ्यू लगायौं । घटनास्थलमा १४ जना प्रहरी सुरक्षार्थ खटिएका थिए । घटनास्थलमा ४ पुरुष, एक महिला र माइती नेपालको कार्यालय नजिक एक जना पुरुष गरी जम्मा ६ वटा लाश फेला परेको थियो ।

**धर्मानन्द सापकोटा, सशस्त्र प्रहरी नायव उपरीक्षक, रौतहट**
हामी निर्वाचन सुरक्षा बेस खडा गर्नका लागि आएका हौं । सो दिन सरकारी कार्यालयहरूमा आक्रमण हुने सम्भावना रहेका कारण त्यतातिरको सुरक्षामा बढी ध्यान दियौं । हामी स्थानीय प्रशासनको निर्देशनमा रहेर काम गर्ने गर्दछौं । स्थानीय प्रशासनबाट स्पष्ट निर्देशन नआएकाले पनि हामीले केही गर्न सकेनौं । घाइते तथा लुकेर बसेका माओवादी कार्यकर्ताहरूलाई हाम्रै ट्रकमा राखेर गौर बाहिर पठाएका हौं ।

**डा. ब्रजकिशोर ठाकुर (मेडिकल सुपरिटेण्डेण्ट), जिल्ला स्वास्थ्य कार्यालय, रौतहट**
करिब ४० देखि ४१ जनाजति घाइते उपचारका लागि ल्याइएको थियो । घाइतेलाई दिउँसो ३:०० बजेदेखि राति ९:०० बजेसम्म ल्याउने क्रम जारी थियो । घाइतेमध्ये धेरैको टाउकोमा चोट लागेको थियो र शरीरको विभिन्न भागमा नीलडाम थिए । सर्वसाधारण १६ वर्षीय सरोज महतोलाई गोलीको छर्रा लागि घाइते भएको थियो । घाइते तीनजनामध्ये एक महिला दुई पुरुषको उपचारको क्रममा मृत्यु भयो । २५ वटा लाश अस्पतालमा ल्याइए ।

घाइतेमध्ये धेरैजसोको टाउकोमा गम्भीर चोट लागेको हुँदा प्राथमिक उपचारपछि घाइतेहरूलाई थप उपचारको लागि विरगञ्जस्थित नारायणी उप-क्षेत्रीय अस्पतालमा रिफर गरियो ।

जम्मा २५ वटा लाशको पोष्टमार्टम गरियो । एकैपटक धेरै संख्यामा मृत्यु हुँदा लाशको पोष्टमार्टम गर्दा लाश चिर्नै पर्ने परम्परा नरहेका कारण यी लाशहरूको पनि पोष्टमार्टम गर्दा चिरफार गर्न आवश्यक ठानिएन । धेरैजसोको टाउकोमा चोट लागेका कारण मृत्यु भएको छ । मृत्युको कारण पत्ता लागिसकेपछि अरु कुरा आवश्यक छैन । त्यसैले हामीले प्रत्येक लाश खोलेर परीक्षण गर्न आवश्यक देखेनौं । रोगका कारण नभई अस्वभाविक मृत्यु भएको पाइयो ।

महिलाको स्तन काटिएको थिएन । नीलडाम मात्र देखिएको हो, तर घाउ छैन । बलात्कार भएको पाइएन । शरीरको अन्य भागमा देखिएको नीलडाम जस्तै योनीमा पनि देखियो । हामी घाइतेको उपचारमा व्यस्त भएकाले अस्पतालमा उपचार गराइरहेका घाइतेमाथि कुटपिट भएको हामीले देखेनौं । घाइतेको उपचार गर्न हामीले हेल्थपोष्टहरूमा पठाउनुपर्ने औषधिहरू प्रयोग गर्‍यौं । साथै, नपुग भएको औषधि बजारबाट उधारोमा ल्याई उपचार गरियो । जुन उधारो अहिले पनि छँदैछ । कति रकम बराबरको उधारो भयो भन्ने यकिन भएको छैन । घाइतेहरूलाई सहयोग गर्न कुनै व्यक्ति, संघसंस्था आएन । यस अस्पतालमा एम्बुलेन्सलगायत् अन्य सुविधा केही छैन । डाक्टरको दरबन्दी तीन जनाको भए पनि हाल एकजना मात्र दरबन्दीको डाक्टर रहेको छ ।

## राजनीतिक दल तथा संघ-संस्थाहरूको भनाई

**प्रभु शाह, सांसद तथा रौतहट इन्चार्ज, नेकपा (माओवादी)**
लगभग ४५ दिन अगाडी माओवादी निकट निसाद संघ ले सो स्थानमा कार्यक्रम को आयोजना गर्ने घोषणा गरेको थियो । हाम्रो आग्रहमा निसाद संघ ले उक्त कार्यक्रमलाई चैत्र ७ गते नै संयूक्त रुपमा सफल पार्ने भन्ने निर्णय भएको थियो । सोही योजनालाई मूर्त रुप दिन सो कार्यक्रम आयोजना गरिएको थियो । मधेशी राष्ट्रिय मुक्ति मोर्चाले तीन जिल्लामा आमसभा गर्ने कुराको जानकारी सात दिन अगाडी घोषणा गरिसकेको थियो । मधेशी जनअधिकार फोरमद्वारा कार्यक्रम आयोजना गरिने स्थानको बारेमा हामीलाई कुनै पनि जानकारी थिएन । तर पछि एकैस्थानमा कार्यक्रम गरिने भन्ने कुराको जानकारी भएपछि मैले फोरमका जिल्ला नेताहरूलाई फोन सम्पर्क गरी कार्यक्रमस्थल परिवर्तन गर्न अनुरोध गर्दा “राइस मिल तिमीहरूको सम्पत्ति होइन” भन्ने धम्कीपूर्ण जवाफ आएको थियो । यसपछि हामीले दुवै संगठनको कार्यक्रम एउटै स्थानमा भए तापनि हाम्रो तर्फबाट शान्तिपूर्ण रुपमा सम्पन्न हुने आशा गरेका थियौं । सोही योजना अनुरुप हामीले कार्यक्रमस्थलको उत्तरपट्टी मञ्चको निर्माण गरेका थियौं । हामीले कार्यक्रमको लागी व्यापक प्रचार-प्रसार गरेका थियौं ।

फोरमले आयोजना गरेको र्‍यालीले हामी बसेको सेल्टर रामजानकी धर्मशाला अगाडी उत्तेजित नारा लगाएका थिए । तर पनि हामी संयमित भएका थियौं । केहिबेर पछि हाम्रो पनि जुलुस शुरु भई बजार परिक्रमाका क्रममा हाम्रो मञ्च तोडफोड भएको जानकारी प्राप्त भयो । जुलुससँगै कार्यक्रमस्थल प्रवेश गर्नेक्रममा झडप शुरु भएको हो । फोरमतर्फबाट अचानक गोली चल्यो र भीड विकेन्द्रित भयो । कार्यक्रमस्थलमै हाम्रा तीन जना साथीहरूको हत्या भयो । अन्य साथीहरूलाई टाढा-टाढासम्म लखेटेर नृशंस, पासविक तरिकाले हत्या भयो । महिला साथीहरूलाई बलात्कार गरी, स्तन काटी, आगो लगाई हत्या गरियो ।

यस घटनाक्रममा भारतबाट आयतित भाडाका गुण्डाहरू र दरबारियाहरूद्वारा यस किसिमका जघन्य अपराध गरिएको हो । दरबारियाहरूबाट पहाडिया र मधेशीबीच द्वेष फैलाउने काम भएको छ । प्रहरीले हाम्रा साथीहरू शरणका लागि आउँदा शरणसमेत नदिई फोरमतर्फ नै धकेलेका थिए । यस घटनाका दोषी पत्ता लगाई कडा कारवाही गरिनु पर्दछ ।

**उपेन्द्रप्रसाद साह, जनमोर्चा जिल्ला अध्यक्ष, रौतहट**
यो घटना हुनुभन्दा पहिले देखि नै फोरम र आठदलसँग तनावको स्थिति थियो । यसभन्दा पहिले फोरम र आठदलले एकैदिन कार्यक्रम गरेका पनि थिए । यो घटना भन्दा अगाडी फोरम र आठदलको बीचमा जुलुस निकाल्ने सहमति पनि भएको थियो तर फोरमलाई कुनै पक्षबाट दबाब दिएका कारण उक्त कार्यक्रम हुन सकेन । गौर हत्याकाण्ड पछाडी ग्राण्डडिजाइन रहेको छ । फोरमको नाममा राजावादीहरूको ठूलो चलखेल भएको छ । यो घटनामा प्रमुख जिल्ला अधिकारी तथा प्रहरी उपरीक्षक पूर्ण रुपमा दोषी छन् ।

**रेवन्त झा, नेकपा (एमाले) जिल्ला कमिटी सचिवालय सदस्य, रौतहट**
यस घटनाले २००७, २००९ र २०१५ साल देखिको रौतहटेली जनताको स्वतन्त्रताको गौरवशाली इतिहासलाई कलंकित पार्ने काम गरेको छ । यो घटना मानव समाज विरुद्धको पराकाष्ठा हृदय विदारक र दुःखदायी रुपमा रहेको छ । दोषीहरूलाई कडा भन्दा कडा कारवाहीको माग पनि गर्दछौं । माओवादी, फोरम र प्रशासनलाई सम्भावित खतराको ज्ञान भइकन पनि बेवास्ता गरेका कारण यो घटना भएको हो । फोरमले १५ दिन अगाडी नै कार्यक्रमको घोषणा गरेको थियो । माओवादीले दुई दिन अगाडी मात्र कार्यक्रमको घोषणा गरेको थियो । यसअघि विभिन्न ठाउँमा भएको घटनाबाट अवसरवादीहरूलाई प्रश्रय मिलिरहेको थियो । जसको प्रमुख कारण दण्डहिनता नै प्रमुख रुपमा रहेको छ । फोरम आन्दोलनमा छ, उसले राज्यको कानून नमानेको अवस्था छ तर माओवादी राज्यको कानून मानेको अवस्थामा छ । यसकारण माओवादीले बढी जिम्मेवार हुनु पर्छ । माओवादीले स्थानीय तहमा आक्रमण गर्ने भन्ने हल्ला फैलाइएको पनि पाइन्छ । त्यसैले जनता भयमुक्त वातावरणमा रहनसक्ने अवस्था छैन ।

एमालेले यो घटना हुनुभन्दा पहिले माओवादी र फोरम दुवै पक्षलाई समझदारीमा ल्याउने पहल जुद्ध माविमा बैठकको आयोजना गरेको थियो । फोरमका जिल्ला अध्यक्ष अमर यादव दुई घण्टा बसेका थिए । तर, माओवादीका नेता तथा सांसद प्रभु साहले फोन गर्दा पनि फोन काटेर उपस्थित भएनन् । राइस मिल क्षेत्रमा युद्धकालीन अवस्थामा मरे, अन्य स्थानमा मारिनु पासविक, अत्याचार तथा जघन्य अपराध हो । यस्को जिम्मेवारी फोरमले लिनुपर्छ ।

**महमद मजरुल हक, अध्यक्ष, बार एसोसिएसन, रौतहट**
यस घटनाबाट हामी मर्माहत भएका छौं । यस घटनाले जिल्लाको बदनाम गराएको छ । यदि राज्यले जनताको जीउधनको जिम्मा लिएको हो भने निषेधित क्षेत्र घोषणा गरेको भए यो किसिमको हत्याकाण्ड हुने थिएन । प्रशासनले सुरक्षाको लागि कुनै पहल गरेन । जसको फलस्वरुप यो घटना हुन गयो । कार्यक्रम स्थलबाट ४-५ किमि टाढा गएर मानिस मारिनु प्रशासनको नालायकीपन हो । यस घटनामा पहिलो दोषी प्रशासन, माओवादी गल्ती र प्रमुख दोषी फोरमको छ ।

**कुमार विवेकानन्द मिश्र, सभापति, नेपाल पत्रकार महासंघ, रौतहट**
यो घटना अत्यन्त दुःखदायी र मानव सभ्यताको विपरीतको कार्य हो । कार्यक्रमस्थलमा दुवै पक्षको हठवादीताका कारण यस किसिमको घटना भएको छ । राज्यले दोषीलाई कानूनको दायरामा ल्याएर कडा कारवाही गर्नु पर्दछ ।

## मधेशी जनअधिकार फोरमको प्रतिक्रिया

गौर घटनापछि मधेशी जनअधिकार फोरमका स्थानीय नेता तथा कार्यकर्ताहरू जिल्ला छाडेर अन्यत्रै बसेका कारण भेटघाट हुन सकेन । फोरमका जिल्ला नेताहरूले यस घटनाको सम्बन्धमा प्रेस विज्ञप्तिमार्फत् आफना धारणा सार्वजनिक गरेका छन । उनीहरूको विज्ञप्तिमा प्रकाशित धारणा यस प्रकार छः-

**अमर राय यादव, जिल्ला अध्यक्ष,मधेशी जनअधिकार फोरम, २०६३ चैत १० गते जारी विज्ञप्ति**
माओवादी अध्यक्ष प्रचण्डको प्रत्यक्ष इशारामा माओवादी सांसद प्रभु साह र सत्यनारायण भगतको नेतृत्वमा माओवादी छापामारहरूद्वारा फोरमको कार्यक्रम भाँड्ने र हत्या गर्ने षडयन्त्र गरिएको हो । गृहमन्त्रीको इशारामा, माओवादीहरूलाई पक्रनुको साटो फोरमका नेता तथा कार्यकर्ताहरूलाई वारेन्ट जारी गरी माओवादीहरूलाई प्रश्रय दिनु कानूनी राज्यको उपहास हो । गौरमा भएको दुःखद घटनाप्रति शोक व्यक्त गर्दै सम्पूर्ण जनसमुदायलाई शान्ति बनाइराख्न र जनअवज्ञा आन्दोलन जारी राख्न आग्रह गर्दछौं । ११ जिल्लाका पहाडीमूलका मानिसहरू ल्याई मधेशीहरूलाई हत्या गर्ने नियत राखेको देखिन्छ । यसको जवाफ प्रचण्ड, गृहमन्त्री, माधव नेपाल र मानवअधिकारवादीहरूले दिनुपर्छ । पहाडी मानवअधिकारवादीहरूले सरकारको जस्तै वक्तव्य दिनु दुःखको कुरा हो । स्थानीय प्रशासन र प्रहरीले गृह मन्त्रालयलाई चैत ६ गते माओवादीबाट हुनसक्ने घटनाको जानकारी गराउँदा पनि मन्त्रालय मौन रहनु रहस्यमय देखिन्छ ।

**नन्दकिशोर साह, अध्यक्ष, मधेशी जनअधिकार युवा फोरम**
मधेशी जनअधिकार फोरम रौतहटको राइस मिलमा पूर्वसूचना अनुसार २०६३ चैत ७ गते विशाल विरोधसभा आयोजना भएकोमा सो कार्यक्रम विथोल्न र फोरमका कार्यकर्ता तथा नेताहरूको ज्यानै मार्ने उद्येश्यले माओवादी अध्यक्ष प्रचण्डको निर्देशन बमोजिम ११ जिल्लाका माओवादी छापामारहरूलाई गौर बोलाई माओवादी नेता प्रभु साहको नेतृत्वमा माओवादीले निन्दनीय आक्रमण गरेकोमा फोरमबाहेकका व्यक्तिहरूसँग माओवादीको भिडन्त हुँदा दर्जनौंको दुःखद मृत्यु भएकोमा सो घटनाप्रति घोर भर्त्सना गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली दिँदै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । यस घटनाको सम्बन्धमा संयुक्त राष्ट्रसंघको सक्रियतामा उच्चस्तरीय छानविन आयोग गठन गर्न माग गर्दछौं ।

## प्रत्यक्षदर्शीहरूको भनाई

**एक पुरुष (नाम भन्न नचाहेको)**
फोरमका मानिसहरूले ८ जना पुरुष र ३ महिलालाई कुट्दै लिएर आउँदै थिए । बौधीदेवी मन्दिरको छेउमा एघार जनालाई सुताएर राखे । त्यसपछि लाठी, ढुंगाहरूले हिर्काए । यौन अंगहरूमा उखुको डाँठ घोची यातना दिए । घाइतेहरूले पीडकहरूलाई “यसो नगर्नुस्, तपाईंहरूले जे भने पनि मान्छु” भन्दा पनि यातना दिइरहे । मान्छे मारेर मन्दिरमा रगतको भोग नै दिए । उक्त लासलाई झारपात थुपारेर आगो लगाई जलाए । स्थानिय बासिन्दाहरूले ती

व्यक्तिहरूको विभत्स हत्या देखेपछि "किन मन्दिरमा यसो गरेको" भनेपछि लासहरू मन्दिरसँग जोडिएको बाटोको छेउमा थुपारेका थिए । यो घटनाको बारेमा स्थानीय पूर्व जनप्रतिनिधि ललन सिंहले प्रहरीलाई जानकारी दिए र राति आठ बजेपछि प्रहरीले लास उठाएका थिए ।

**एक पुरुष (नाम भन्न नचाहेको)**
माओवादीहरू १८ जनाको समूहमा थिए । पुरुष माओवादीहरू नदी तरेर भागिसकेका थिए । तर महिलाहरू नदी तर्न नसकेका कारण उद्धारका लागी ८ जना फर्केर आएका थिए । ११ जनालाई (३ जना महिला सहित) नियन्त्रणमा लिई कुटपिट गर्दै लाने क्रममा हाम्रा गाउँका महिलाहरूले रुँदै नपिट भन्दै थिए । तर पिट्नेहरूले "यिनीहरूलाई पिट्दा तिमीहरूलाई के फरक पर्छ" भन्दै पिट्दै गौरतर्फ लाने क्रममा बाटोमा पर्ने बौधीदेवीको मन्दिरमा लगेर मारे ।

**एक पुरुष (नाम भन्न नचाहेको)**
पिट्दै लगेको देखेपछि "कहाँ लैजान लागेको" भनी सोध्दा उनीहरूले "प्रशासनमा बुझाउन लैजान लागेको" भनेका थिए ।

**एक पुरुष (नाम भन्न नचाहेको)**
फोरमका कार्यकर्ताहरू २-३ हजारको संख्यामा थिए । माओवादी घटनापछि मञ्चबाट भागेर बाँसघारीमा आई लुकेर बसेका थिए । उनीहरूलाई घाँस काट्नेहरूले देखेर गाउँमा हल्ला फिजाइदिए । माओवादी बाँसघारीबाट पुनः भागेर वाग्मतीतर्फ गए । वाग्मती तर्न खोज्दा फोरमका कार्यकर्ताले नियन्त्रणमा लिई हजमिनिया गाविस-२ स्थित बौधीदेवी मन्दिरमा सुताएर ढुंगा, बाँसको भाटा र इँटाले हिर्काएर मारे । राति ८ बजे प्रहरीले लास लगेको थियो । त्यस्तै, भाग्दै आएका चारजना माओवादी गहुँबारीमा लुकेका थिए । घाँस काट्न आएका महिलाहरूलाई बचाउन अनुरोध गरेपछि, महिलाकै पहिरनमा गाउँमा लगी त्यहीँ लुकाए । भोलिपल्ट बिहान गाउँबाट भगाए ।

## पीडित परिवारको भनाई

**मृतक १७ वर्षीय रेखा परियार (प्रतिभा) को बाबु रामबहादुर परियार, आमा दालचीनी परियार र काका शंकरबहादुर परियार, जुडिबेला गाविस-९, रौतहट**
**बाबु र काकाको भनाई** : हाम्री छोरी २०६३ मंसिरमा आफ्नै इच्छाले देशको लागि केही गर्नुपर्छ भन्ने सोचबाट नेकपा (माओवादी) पार्टीमा आबद्ध भएकी थिइन् । कक्षा ६ सम्म पढेकी थिइन् । उनको लास क्षतविक्षत थियो । चिन्न सकिने अवस्था थिएन । देब्रे स्तन काटिएर छुट्टिन मात्रै बाँकी अवस्थामा थियो । बायाँ हात भाँच्चिएको थियो भने दायाँ आँखा फुटेको थियो । अनुहार आगोले डढेको थियो । शरीरमा निलडाम थिए । दाँत र लुगाबाट लासको सनाखत गरेका थियौं । लास सनाखत तथा अन्तिम संस्कारका लागी हामीलाई काठमाडौं जाने र फर्कने व्यवस्था तथा खर्च माओवादीले नै गरेको थियो । जिल्लास्तरका माओवादीले सान्त्वना दिने काम गर्नु भएको छ ।

छोरी माओवादीको क्याम्पमै बस्थिन् । सात गते कार्यक्रममा गएछन् । घटना भएको दिन दिउसो ३:३० बजेतिर गौरमा माओवादी र फोरमको भिडन्त भयो भन्ने खबर पायौं । छोरीको खबर केही थाहा पाउन नसकेपछि पार्टीको सम्पर्कमा गयौं । तर, त्यहाँ जाँदा पनि थाहा हुन सकेन । भोलिपल्ट बिहान ४ बजे वाईसीएलको कार्यकर्ता भेटें । तर त्यहाँबाट पनि थाहा भएन । बिहान ९ बजे उनको साथीले रेखालाई बचाउन धेरै प्रयास गरेको तर नसकेको बताए ।

दुर्घटना भइहाल्यो । क्रूर तरिकाले हत्या गरे । त्यसरी उदण्ड मचाउने फोरम होस् वा कुनै दल, जंगली व्यवहार देखाउनेलाई प्रतिबन्ध लगाई हाल्नुपर्छ । यस्ता समूहलाई आतंककारी घोषणा गर्नुपर्छ । मृतकलाई राष्ट्रिय शहीद घोषणा गरी उचित क्षतिपूर्तिका लागि सरकारले सहयोग गर्नुपर्छ । पार्टीले कुनै कार्यक्रम गर्दा त्यहाँको भौगोलिक अवस्था बुझेर मात्र कार्यक्रम गर्नु पर्दछ । मानवीय क्षति हुन नदिने उद्देश्यले कार्यक्रम हुनु पर्दछ ।

**आमाको भनाई** : मैले मेरी छोरीको लास समेत हेर्न पाइन ।

**मृतक १९ वर्षीय दिपक पाण्डे (सन्देश), की आमा**
मेरो छोरा १९ वर्षको दिपकलाई त्यहाँ होमेर सबै जना भागेर आए । मैले के गर्ने ? अरु उनका साथीहरू भागेर आउनु तर मेरो छोरा नआउनु के हो ? मेरो छोराको लाश हेर्न दिएन । जानकारी समेत नगराई वाईसीएलका कार्यकर्ता राजेन्द्र यादवले "मेरो मान्छे हो" भनि जलाइदियो । मैले जन्माएको छोरा थियो दिपक । कम्तिमा मलाई जानकारी गराउनु पर्दथ्यो । सबैको फोटो खिचेर ल्याइदियो तर मेरो छोराको फोटो चाहिँ ल्याइदिएन र लास पनि हेर्न नदिई

जलाइदियो । उनीहरूले मलाई गोली हानी मारिदिए हुन्छ । मेरो छोरा घरको होनहार पढे-लेखेको थियो । घरको सहारा थियो । उसलाई मधेशीहरूले मारिदिए । अब म के गरुँ ?

**मृतक १७ वर्षीय सरस्वती उप्रेतीकी सानी आमा विनिता उप्रेती**
मेरी छोरी २०६३ जेठदेखि पार्टीमा लागेको रहेछ, सो कुरा हामीलाई थाहा थिएन । यो वर्ष एसएलसी दिने थिइन् । त्यसैले हामीले पढाईमा मात्र ध्यान दिन सम्झाएका थियौं तर उनले मानिनन् । पार्टीबाट छुटाउन धेरै प्रयास गरेका थियौं । एक-दुई महिनादेखि घर छोडेर चन्द्रनिगाहपुरस्थित माओवादी क्याम्पमै बस्न थालेकी थिइन् । गौरको कार्यक्रममा गएको छ भन्ने थाहा थिएन । त्यहाँ फोरम र माओवादीको कार्यक्रम एकै ठाउँमा रहेको पछि थाहा भयो । गौरमा भएको घटना सुनेपछि छोरी गएको छ कि भनी सोधखोज गर्दा स्पष्ट थाहा भएन । घटना घटेको भोलिपल्ट १२:०० बजे छोरी परेको थाहा पायौं । मैले छोरीको लाश चाहिँ हेर्न पाइन ।

दाँतबाट छोरी हो भन्ने थाहा भयो भनी उनको बुवाले फोनमार्फत् काठमाडौंबाट जानकारी गराउनु भयो । उहाँले छोरीको हात, खुट्टा सबै जलेको बताउनु भयो । यो घटनाका दोषीलाई कारवाही हुनै पर्छ । क्षतिपूर्ति पाउनु पर्छ भन्ने मलाई लागेको छैन । कानुन बमोजिम पाउने भए पाइन्छ होला । दुवैको कार्यक्रम एउटै ठाउमा हुँदा जानी-जानी बाघको मुखमा मान्छे पर्न गएको जस्तो लाग्छ । फेरी पनि दोहोऱ्याएर यस्तो घटना हुने आशंका भएमा कार्यक्रम गर्नु हुँदैन । पार्टीको व्यक्तिले हामीले जसरी भए पनि दोषीलाई कारवाही गर्छौं, राज्यले नगरे हामीले गर्छौं भन्नु भएको छ ।

**मृतक २१ वर्षीय राजन पोखेलकी आमा सीता पोखेल, हेटौडा नपा–७, मकवानपुर**
राजन हाम्रो भार बिसाएको जेठो छोरा थियो । माओवादी पार्टीमा लागेको हामीलाई थाहा थिएन । छोरा १० कक्षा पास गर्न नसकी घरमा बसिराखेको थियो । पढाउन नसकेकाले पढाइ छोडाउनु पऱ्यो । पढाई छाडेर हेटौडा नपा-८ स्थित युनिक सोप फ्याक्ट्रीमा काम गरिरहेको थियो । २०६३ जेठ असारदेखि मजदुर युनियनको सदस्य भएको भनेको थियो । २०६३ चैत ६ गते बिहान ९:०० बजे काम गर्न फ्याक्ट्रीमा गयो तर बेलुका खाना खान नआएपछि बुझ्दा साथीसँग विरगञ्ज गएको थाहा भयो । घटना भएको भोलिपल्ट बिहान ६:३० बजे मात्र छोराको मृत्युको बारेमा थाहा भयो । लाशको कन्चटबाट भाला रोपेको घाउ, मुखमा पराल कोचेर जलाएको र एउटा खुट्टामा मात्र जुत्ता थियो । टाउको र अनुहारबाहेक अन्यत्र जीउमा केही चोट देखिएन ।  छोराको अन्तिम संस्कार राप्ती नदीमा संस्कृतिक परम्पराअनुसार गरियो । पार्टीका जिल्ला तथा नगरस्तरका कार्यकर्ताहरू घरमा आएर समवेदना प्रकट गर्नुभयो । हामीलाई सान्त्वना दिनुभयो । दश लाख रुपैयाँ क्षतिपूर्ति दिने कुरा गरेका छौं भन्नुहुन्थ्यो । यहाँबाट उक्त कार्यक्रममा गई मृत्यू भएका राजन र गोविन्दको हकमा स्थानीयस्तरमा पनि परिवारको एक सदस्यलाई मृतक कार्यरत रहेको संस्था वा कार्यालयमा स्थायी रोजगारी सुनिश्चित गर्ने समझदारी आठ राजनीतिक दलबीच भएको छ । त्यस्तो समझदारी भएपछि मात्र लाश उठाइएको हो ।

**मृतक १८ वर्षीय गोविन्द अधिकारीको बुवा अर्जुनहरि अधिकारी, हेटौंडा नपा–७, मकवानपुर**
युनिक सोप फ्याक्ट्रीमा विगत ६ महिनादेखि कार्यरत थियो । घरबाट फ्याक्ट्री जान भनेर गएको छोरालाई उनको साथीको सट्टा १०० रुपैयाँ बाटो खर्च दिएर पठाइयो । घटना भएको भोलिपल्ट बिहान ८:०० बजेमात्र हामीले हाम्रो छोरा घटनामा परेछ भन्ने जानकारी पायौं । चिउडौभन्दा माथि पूरै चोट थियो । अन्यत्र शरीरमा कहिँकतै चोट देखिएन । कञ्चटमा वारपार हुनेगरी भाला रोपेको घाउ थियो । दाहसंस्कार गर्ने क्रममा लाश हेर्दा पोष्टमार्टमका लागि चिरिएको देखिएन । मेरो छोरालाई स्वयंसेवक बनाएर लगिएको थियो । तर त्यहाँ मधेशी जनअधिकार फोरमका मान्छेहरूले हातहतियार लिएर बसेका रहेछन् । त्यसैले यस्तो दु:खद घटना हुन गयो भन्ने पार्टीका व्यक्तिहरूले बताए ।

अबका दिनमा फेरी यस्तै घटना अन्यत्र कतै नदोहोरियोस् । मेरो घरमा परेको दु:ख अरु कसैका घरमा नपरोस् । पार्टीले क्षतिपूर्ति र कारवाहीका लागि राज्यसँग पहल गर्छौं भनेकौ छ ।

**निष्कर्ष र सुझावहरू**
घटनाका सम्बन्धमा प्रकाशित सामग्री, स्थलगत अध्ययन र घाइते, प्रत्यक्षदर्शी, मृतकका परिवार, स्थानीय प्रशासन, सुरक्षा निकाय, उपचारमा संलग्न स्वास्थ्यकर्मी, पत्रकार, मानवअधिकारकर्मी र राजनीतिक दलका प्रतिनिधिहरूसँग गरेको भेटघाट तथा कुराकानीका आधारमा तथ्य संकलन टोली निम्न निष्कर्षमा पुगेको छ:-

आमसभास्थलमा सबैभन्दा पहिले फोरमका समर्थकहरूले माओवादीहरू जुलुसमा रहेको समयमा माओवादीको मञ्च तोडफोड गरेको पाइयो ।

त्यसको करिब ७ मिनेटपछि माओवादीका कार्यकर्ताहरू राइस मिल्सको चौरको उत्तरपट्टीबाट दौड्दै एक्कासी फोरमको मञ्चतर्फ गएर तोडफोड गर्न थाले । मञ्च वरिपरीको क्षेत्रबाट दुई वटा गोलीको आवाज आएको थियो । मञ्चको वरिपरी माओवादीका कार्यकर्ताहरूमात्र रहेका थिए । त्यही बेला फोरमको मञ्चको पश्चिम-दक्षिण कुनाबाट एक फायरको आवाज आएको र त्यसपछि मञ्चको विभिन्न कुनाबाट बन्दुक तथा बमको ठूलो-ठूलो आवाज आएको थियो ।

आमसभास्थल अर्थात् गौर नपा-५ स्थित राइस मिल्सको चौरमा ६ जना (२ महिला र ४ पुरुष), गौर नपा क्षेत्रभन्दा बाहिर हजममिनिया गाविसमा ११, मुडवलवा गाविस जाने बाटोमा २, लक्ष्मीपुर बेलविछुवा गाविसमा २ गरी २१ जना मारिएका थिए । त्यसैगरी उपचारको क्रममा गौर अस्पतालमा ४ र भरतपुर लैजाँदै गर्दा बाटोमा २ जना गरि कूल २७ जनाको मृत्यु भएको थियो । मृतकहरूमध्ये ५ महिला र २२ जना पुरुष थिए ।

नियन्त्रणमा लिएकाहरूलाई मन्दिर परिसरमा ल्याई बबरतापूर्वक हत्या गरिएको पाइयो । फोरमका समर्थकहरूले बाँसको भाटा, लाठी, इँटा तथा ढुंगा प्रहार गरी हत्या गरेको तथा घाइते बनाएको पाइयो । सबै मृतक तथा घाइतेहरूको टाउकोमा प्रहार गरिएको थियो, जसबाट उक्त आक्रमण नियोजित र संगठितरुपमा भएको देखिन्छ ।

मधेशी जनअधिकार फोरमले २०६३ चैत ७ गते बुधवार उक्त राइस मिल्सको चौरमा आमसभा गर्ने भनि एक साता अघिदेखि नै प्रचार-प्रसार गरेको थियो । नेकपा (माओवादी) निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले सोही मिति र स्थानमा आफ्नो पनि आमसभाको लागि एक दिन अघि प्रचार गरेको पाइयो । यसरी एकै मिति र स्थान कार्यक्रम राखिनु माओवादीको गलत निर्णय थियो भन्ने देखिन्छ ।

घटनालाई माओवादीले दोहोरो झडप होइन भने पनि राइस मिल्स परिसरमा केही बेर दोहोरो झडप भएको पाइयो ।

विगतमा देशका विभिन्न भागमा मधेशी जनअधिकार फोरमको कार्यक्रममा नेकपा (माओवादी) का कार्यकर्ताले हस्तक्षेप गरेको तथा २०६३ माघ १७ गतेको कार्यक्रममा पनि हस्तक्षेप गरेको थियो । यही पक्षलाई मध्यनजर गर्दै मधेशी जनअधिकार फोरमले भीडन्तको विशेष तयारी गरेको देखिन्छ ।

दुवै पक्षले एकै स्थानमा कार्यक्रम गर्ने पूर्व जानकारी हुँदाहुँदै पनि स्थानीय प्रशासनले समयमै उचित सतर्कता नअपनाउनुका साथै समयमै आवश्यक कदम नचालेका कारण धेरै संख्यामा मानवीय क्षति भएको पाइयो ।

प्रमुख जिल्ला अधिकारी नै प्रहरीको सम्पर्कबाहिर रही मोबाइलको स्वीचसमेत अफ गरी बसेका र प्रहरी आफैले कर्फ्यू आदेश जारी गर्नुपरेको अवस्था देखियो ।

फोरमले आफ्नो कार्यक्रमको बारेमा प्रचार गर्दा शान्तिपूर्ण हुने भनिए तापनि कार्यकर्तालाई बाँसको भाटा र लाठीसहित कार्यक्रममा सरिक गराउनुका साथै हत्या गर्ने उद्देश्यले नै आक्रमण गरिएको देखियो ।

हत्या गर्ने क्रममा क्रूर यातना दिइएको पाइयो । त्यसक्रममा टाउकोमा ढुंगा, इँटा र बाँसको भाटाले प्रहार गर्नुको साथै आगो लगाउने तथा महिलाहरूको संवेदनशील अंगहरूमा समेत प्रहार गर्नेजस्ता अमानवीय कार्यहरू गरिएको पाइयो ।

लाशको चिरफार विना शव परीक्षणको कल्पनासम्म गर्न नसक्ने चिकित्सा विधिशास्त्र र कानुनी व्यवस्था विद्यमान रहेकोमा गौर अस्पतालले लाशलाई बाहिरबाट मात्र हेरी शव परीक्षण प्रतिवेदन फाराम भर्ने काम गरेको देखियो ।

माओवादी विरुद्धको आक्रोश, द्वेष र बदलाको भावनाले अभिप्रेरित भएर यो घटना भएको देखिन्छ ।

घटनामा मारिएकाहरूमध्ये लाशको प्रकृति हेर्दा, तीनजना महिलाहरूलाई बलात्कारपछि हत्या गरिएको सहजै अनुमान गर्न सकिन्छ । तर गौर अस्पतालले महिलाको शवको अवस्था शंकास्पद हुँदाहुँदै पनि कानुनले तोकेको कार्यविधि पुरा नगरी पोष्टमार्टम फारम भर्ने काम मात्र गरेकोले ती महिलाहरूमाथि बलात्कार नभएको भन्न सक्ने अवस्था छैन ।

माओवादीले आफ्ना वाईसीएलका कार्यकर्ताहरूलाई उक्त दिन विरगञ्ज लैजाने भनि झुक्याएर गौर लगेको पाइयो ।

गौर हत्याकाण्डमा संलग्न भएको आशंकामा प्रहरीले अहिलेसम्म ७ जनालाई गिरफ्तार गरेको पाइयो ।

राज्य सञ्चालनको जिम्मेवारी लिएका राजनीतिक दल, नागरिक समाजलगायत्ले एकै ठाउँमा कार्यक्रम नगर्न दुवै पक्षलाई दबाब दिएको देखिएन ।

मधेशी जनअधिकार फोरमले गत फागुन २२ गतेदेखि सरकारी कार्यालयमा लगाएको ताला प्रशासनको तर्फबाट खुलाइएको भनिए पनि यो टोली अध्ययनको क्रममा पुग्दा समेत खुलेको देखिएन ।

मधेशी जनअधिकार फोरमका जिल्लास्तरका नेता तथा कार्यकर्ताहरूले जिल्ला छाडि अन्यत्र बसेको पाइयो । यस अध्ययन टोलीले फोरमका नेता तथा कार्यकर्तालाई भेट्ने प्रयास गरे पनि सफल हुन सकेन ।

**गौर घटनामा उल्लंघन भएका हकहरू**

**गौर घटनामा माओवादीले** नेपालको अन्तरिम संविधान ०६३ को धारा १२ (३) (क) ले प्रदान गरेको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हनन गरी मधेशी जनअधिकार फोरमले आयोजना गरेको कार्यक्रममा अवरोध पुऱ्याएको देखिन्छ ।

दिपक पाण्डेको हकमा नागरिक तथा राजनीतिक अधिकारको अन्तराष्ट्रिय अनुवन्धको धारा १८ (विचार, अन्तःकरण तथा धर्मको स्वतन्त्रता) तथा नेपालको अन्तरिम संविधान ०६३ को धारा २३ (१) को हनन् भएको देखिन्छ ।

**गौर घटनामा सरकारद्वारा** नेपालको अन्तरिम संविधान ०६३ को धारा १२ (२) (ख) (विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको ग्यारेन्टी) को उल्लंघन भएको देखिन्छ । नेपालको अन्तरिम संविधान ०६३ को धारा १२ (१) ( प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ) भन्ने संविधानमा उल्लेखित हकको उल्लंघन भएको देखिन्छ ।

**गौर घटनामा मधेशी जनअधिकार फोरमबाट** नेपालको संविधान ०६३ को धारा १२ (क) मा उल्लेखित विचार र अभिव्यक्तिको स्वतन्त्रताको र (ख)मा उल्लेखित विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको उल्लंघन गरेको पाइयो ।

## सुझावहरू

**नेकपा (माओवादी)**

१. माओवादीद्वारा जानि-जानि सोही दिन सोही स्थानमा कार्यक्रम जुधाएकाले पनि यस्तो दुःखद घटना हुन गयो । त्यसैले पार्टीको केन्द्रीय नेतृत्वले स्थानीयस्तरका जिम्मेवार कार्यकर्ताहरूलाई यस्ता घटना अन्य ठाउँमा पुनः दोहोरिन नदिन आवश्यक निर्देशन तथा कारवाही गर्नु जरुरी छ ।
२. कुनै पनि राजनीतिक दलको शान्तिपूर्ण कार्यक्रममा आक्रमण गर्ने कार्य रोक्नु पर्दछ ।
३. नेपाल सरकारसँग भएको बृहद् शान्ति सम्झौतामा उल्लेख गरिएका सवालहरूलाई पालना गर्नुपर्दछ ।

**मधेशी जनअधिकार फोरम**

१. यस घटनाको जिम्मेवारी लिँदै घटनामा संलग्न कार्यकर्ताहरूलाई तत्काल कारवाही गर्नुपर्छ ।
२. कुनै पनि राजनीतिक दलको शान्तिपूर्ण कार्यक्रममा आक्रमण गर्ने कार्य रोक्नु पर्दछ ।
३. आगामी दिनमा यस किसिमका अमानवीय क्रियाकलापहरू नदोहोऱ्याउने प्रतिबद्धता सार्वजनिक गर्नुपर्दछ ।

**राज्य**

१. घटनाका दोषिहरूलाई कानुन बमोजिम कडा कारवाही गर्नु पर्दछ ।
२. बन्द, हड्ताल, जुलुस जस्ता कार्यक्रमका आयोजकहरूलाई उक्त कार्यक्रमबाट हुने असरप्रति जिम्मेवार बनाउने छुट्टै कानुन बनाउनु आवश्यक छ ।
३. स्थानीय प्रशासनका संयन्त्रहरूलाई सजग एवम् सक्रिय अवस्थामा राख्नुपर्दछ ।
४. घटनाका क्रममा घाइते भएकाहरूलाई तत्काल उपचार तथा मृतकका परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ ।
५. घटनाको प्रकृति हेर्दा सामान्य अनुसन्धानबाट मात्र सबै सत्यतथ्य बाहिर आउन नसक्ने देखिएकाले अधिकार प्राप्त उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्नु पर्दछ ।
६. घटनाका प्रत्यक्षदर्शीहरूले आफ्नो नाम र ठेगानासमेत भन्न डराएको अवस्था देखिएकाले उनीहरू लगायत् त्यस क्षेत्रका बासिन्दाहरूको सुरक्षाको ग्यारेन्टी गरिनुपर्दछ ।

मानव अधिकारको संरक्षणार्थ संवैधानिक निकायको रुपमा अधिकार प्राप्त राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ मा उल्लेखित अधिकारको प्रयोग गरी दोषी उपर कारवाहीको सिफरिश गर्नु पर्दछ ।

अनुसुची–एक

## रौतहटको गौर हत्याकाण्डमा मृत्यु भएकाहरूको विवरण

*नेकपा (माओवादी) द्वारा प्राप्त विवरणको आधारमा*

| क्र.सं. | नाम | टेक नाम | उमेर | ठेगाना | कार्य क्षेत्र | हैसियत |
|---|---|---|---|---|---|---|
| १. | रामाकान्त जयसवाल | रामकान्त | | पोठियाही, रौतहट | रौतहट | Y.C.L. इलाका संयोजक |
| २. | नर्मध्येश्वर उपाध्याय | | | सरमुजवा, रौतहट | | A.C.M. |
| ३. | सरस्वती उप्रेती | | | चन्द्रनिगाहपुर, रौतहट | रौतहट | अनेरास्ववियु (क्रान्तिकारी), जिल्ला सदस्य |
| ४. | फतमा खातुन | प्रतिमा | | जिंगडवा, रौतहट | रौतहट | Y.C.L. |
| ५. | रेखा परियार | प्रतिभा | | जुडिबेला, रौतहट | रौतहट | Y.C.L. |
| ६. | प्रविण अन्सारी | | | गौर, रौतहट | | सर्वसाधारण |
| ७. | दिपक पाण्डे | सन्देश | | जुडिबेला, रौतहट | बारा | Y.C.L. |
| ८. | रामशरण यादव | प्रमोद | | भैसही, रौतहट | मकवानपुर | Y.C.L. |
| ९. | उषा थापा क्षेत्री | | | बागदेव, निजगढ, बारा | रौतहट | Y.C.L. |
| १०. | रामकाजी कार्की | पलपल | | निजगढ, बारा | रौतहट | Y.C.L. |
| ११. | धर्मेन्द्र शाह | धर्मेन्द्र | | टेढाकटी, बारा | बारा | Y.C.L. |
| १२. | हस्तबहादुर श्रेष्ठ | श्याम | | सिमरा-३, बारा | हुलास स्टिल फ्याक्ट्री, बारा | ट्रेड युनियन सदस्य |
| १३. | छते वाइबा | संयोग | | पदमपोखरी-३, ठूलोथली, मकवानपुर | मकवानपुर | Y.C.L. |
| १४. | उर्मिला लो | प्रभा | | बसामाडी-१, मकवानपुर | मकवानपुर | Y.C.L. |
| १५. | गोविन्द अधिकारी | | | हेटौंडा-७, न्यूरेनी मकवानपुर | मकवानपुर | ट्रेड युनियन सदस्य |
| १६. | राजन पोखरेल | | | हेटौंडा-७, न्युरेनी मकवानपुर | मकवानपुर | ट्रेड युनियन सदस्य |
| १७. | नारायण दाहाल | | | पदमपोखरी-१ वनस्पती, मकवानपुर | सिमेन्ट उद्योग, हेटौंडा | ट्रेड युनियन सदस्य |
| १८. | रोहन पाखिन | रोहन | | रातोमाटे-२, मकवानपुर | बारा | Y.C.L. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९. | मुनाल वि.क. | मुनाल | | छतिवन-८, कर्मचुली, मकवानपुर | विदुरभोगट सां. प. | सदस्य |
| २०. | उज्ज्वल दाहाल | राकेश | | पदमपोखरी-१, वनस्पती, मकवानपुर | रौतहट | Y.C.L. |
| २१. | कुमार तोलांगे | कुमार | | सितलपाटी-८, सिन्धुली | रौतहट | Y.C.L. |
| २२. | जीतेन्द्र थापा मगर | संयोग | | हापुर -१, दाङ्ग | बारा | Y.C.L. |
| २३. | विविन्द्र मगराती | अर्जुन | | पृथ्वीनारायण नपा-८, गोरखा | बारा | Y.C.L. |
| २४. | रत्न बोगटी | परिवर्तन | | बाजुरा | विदुरभोगट सां. प. | रौतहट,बारा, पर्सा संयोजक तथा ACM |
| २५. | पूर्ण श्रेष्ठ | आदेश | | निर्मलवस्ती-६, पर्सा | विदुरभोगट सां. प. | सदस्य |

दुई जना सनाखत हुन बाँकी छ।

**अनुसुची-दुई**

**गौर घटनामा बेपत्ता भएकाहरू**

***नेकपा (माओवादी) द्वारा प्राप्त विवरणको आधारमा***

| क्र.सं. | नाम | ठेगाना | कार्यक्षेत्र | हैसियत |
|---|---|---|---|---|
| १ | चुनु ठाकुर | ब्रम्हपुरी, रौतहट | रौतहट | YCL |
| २ | कुमार मगर | सिन्धुलीगढी, सिन्धुली | | YCL |
| ३ | राम विश्वास यादव | रौतहट | | |
| ४ | प्रकाश राम | भसेडवा, रौतहट | | |
| ५ | देवेन्द्र अधिकारी | | | |

अनुसुची–तीन

## गौर घटनामा घाइते भएकाहरू

*नेकपा (माओवादी) द्वारा प्राप्त विवरणको आधारमा*

| क्र.सं. | नाम | उमेर | टेक नाम | ठेगाना | कार्यक्षेत्र | हैसियत |
|---|---|---|---|---|---|---|
| १ | मनोजकुमार यादव | | राजन | वौधा पतौरा, रौतहट | बारा | YCL CCM |
| २ | सियारामप्रसाद कुशवाहा | | फिरोज | जमुनिया, रौतहट | बारा | अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष |
| ३ | राजेन्द्र कुशवाहा | | रोहित | उचिडिह, रौतहट | बारा | YCL सदस्य |
| ४ | रामसेवक मुखिया | | राकेश | कटहरिया-९, रौतहट | रौतहट | ACM |
| ५ | वीरेन्द्र पटेल | | विजेन्द्र | वरियारपुर, रौतहट | रौतहट | YCL (ACM) |
| ६ | सुशीलकुमार खतिवडा | | ज्वाला | रंगपुर-५, रौतहट | मकवानपुर | YCL (ACM) |
| ७ | शेख मयर | | | राजपुर, रौतहट | रौतहट | ACM |
| ८ | पुनित शर्मा | | मुना | हथियाही, रौतहट | रौतहट | ACM |
| ९ | सन्तोषी न्यौपाने | | सन्तोषी | चन्द्रनिगाहपुर, रौतहट | रौतहट | DCM |
| १० | कविता चौरसिया | | कविता | गोनाही, रौतहट | रौतहट,गौर | YCL, ACM |
| ११ | राजकिशोर साह | | | पोठीयाही, रौतहट | रौतहट | YCL, ACM |
| १२ | कमारी साह | | पुजा | लवटना-६, रौतहट | रौतहट | YCL, ACM |
| १३ | सियापति माझी | | मिना | कटहरीया, रौतहट | रौतहट | |
| १४ | लक्ष्मन शाहनी | | | सखुअवा-६, रौतहट | रौतहट | YCL |
| १५ | लालबाबु साह | | अजय | डुमरीया-६, रौतहट | रौतहट | |
| १६ | राजकिशोर कुसवाह | | मञ्जित | फत्तेपुर, रौतहट | रौतहट | YCL, ACM |
| १७ | मंगल लामा | | अर्जुन | चन्द्रनिगाहपुर-२, रौतहट | रौतहट | YCL, ACM |
| १८ | ज्वाला खतिवडा | | | रंगपुर, रौतहट | | |
| १९ | सुवास | | | गैडाटार, रौतहट | | |
| २० | किशोर साह | | | जमुनिया रौतहट | | |
| २१ | सर्वजित | | | मुडवलवा रौतहट | | |
| २२ | बालानन्द झा | | | बसन्तपुर, रौतहट | | सर्वसाधारण |
| २३ | अजयकुमार साह | | | पडरीया, रौतहट | | फोरम कार्यकर्ता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | सेख उमैर | | | राजपुर, फरहदवा, रौतहट | | ,, |
| २५ | किसनी पण्डित | | | रौतहट | | ,, |
| २६ | दशरथ साह | | | पिपरीया, रौतहट | | ,, |
| २७ | शम्भु महतो | | | मुडलवा, रौतहट | | ,, |
| २८ | मिनादेवी मुखिया | | | रौतहट | | |
| २९ | शिवराम पटेल | | | जेठहरीया, रौतहट | | |
| ३० | नवीन मन्सुरी | | | गौर, रौतहट | | |
| ३१ | राकेश मुखिया | | | रौतहट | | |
| ३२ | जीतेन्द्र सहनी | | जीतेन्द्र | महेशपुर, बारा | बारा | YCL, ACM |
| ३३ | रमेश वि.क. | | विक | सिमरा, बारा | बारा | YCL, ACM |
| ३४ | तर्कबहादुर मगर | | | बारा, प्रगतिनगर | हेटौडा औद्योगिक क्षेत्र | |
| ३४ | वीरेन्द्र पटेल | | | सुरही, बारा | | |
| ३५ | राजु पटेल | | छोटेलाल | सुरही, बारा | बारा | YCL, ACM |
| ३६ | नवराज तिमल्सिना | | आषिश | आमभञ्ज्याङ्ग-३, मकवानपुर | मकवानपुर | YCL जिल्ला अध्यक्ष |
| ३७ | रवीन्द्र के सी | | रवीन्द्र | पदमपोखरी-४, मकवानपुर | मकवानपुर | YCL, ACM |
| ३८ | विष्णु गजुरेल | | | मकवानपुर | | YCL, ACM |
| ३९ | बलराम पण्डित | | विजय | हटिया, मकवानपुर | मकवानपुर | |
| ४० | प्रकाश लामा | | | हेटौडा, मकवानपुर | | |
| ४१ | विनोद वि. क. | | संघर्ष | छतिवन-४,मकवानपुर | बारा | YCL, ACM |
| ४२ | वीरबहादुर लामा | | | मकवानपुर | | |
| ४३ | श्याम थापा | | | मकवानपुर | | |
| ४४ | सरोज थापा | | विवेक | ढुङ्गेखोला-७, सर्लाही | हेटौडा सिमेन्ट कारखाना, मकवानपुर | |
| ४५ | रामबहादुर लामा | | विराट | कोराक-४, चितवन | बारा | YCL जिल्ला सचिव |
| ४६ | विमला वि.क. | | सुष्मा | चिप्रोढ-५, रुकुम | मकवानपुर | YCL, ACM |
| ४७ | नानीबाबु बिसंखे | | चन्दु | सितलपाटी-४, सिन्धुली | रौतहट | YCL, ACM |
| ४८ | दिपककुमार वि. क. | | विरता | तुल्सीपुर-७,दाङ्ग | बारा | YCL, ACM |
| ४९ | हिमाल सिवाकोटी | | स्वरुप | सुन्द्रवती-२, दोलखा | मकवानपुर | YCL, ACM |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५० | सुरज चौधरी | | सुमन | विसमपुर-३, सप्तरी | बारा | YCL, ACM |
| ५१ | महेश बुढामगर | | प्रशंग विरही | हापुर-१, दाङ्ग | मकवानपुर | YCL, DCM |
| ५२ | बसन्त थापा | | | दाप्चा, काभ्रे | | |

अनुसुची–चार

फोटोहरू


रौतहतको गौरमा
मधेशी जनअधिकार फोरम र माओवादीको आमसभाको
क्रममा भएको घटनाका फोटोहरु



गौर नगर पालिका
उत्तर
वडा १०
वडा ११
वडा
१३
सिर्सिया
वडा
७
१२
पुरैनवा
वडा
६
वडा ८
८
महाडी टोल
वडा ९
४
वडा
महादेवपट्टी
५
वडा
३ वडा
दक्षिण




मधेशी जन अधिकार फोरमले चैत्र ७ गते गौरमा निकालेको जुलुस



मधेशी जन अधिकार फोरमले चैत्र ७ गते गौरमा निकालेको  जुलुस



नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले चैत्र ७ गते गौरमा निकालेको जुलुस



राइसमिल क्षेत्रमा भाषण सुन्दै फोरमका कार्यकर्ताहरु



मधेशी जन अधिकार फोरमका कार्यकर्ताले तोडफोड गरेको नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाको मंच



मधेशी जन अधिकार फोरमका कार्यकर्ताले जलाईदिएको नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाको मंच



आफ्नो मंच तोडफोड गर पश्चात नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताहरूले लखेटेपछि भाग्दै मधेशी जन अधिकार फोरमका कार्यकर्ताहरु र मन्च तोडफोड गर्दै माओवादी कार्यकर्ताहरु।




मधेशी जन धिकार फोरमका कार्यकर्ताद्वार घाईते भएका माओवादीका कार्यकर्ताहरु गौर अस्पतालमा उपचारका क्रममा



मधेशी जनअधिकार फोरमका कार्यकर्ताद्वारा घाईते बनाईएका माओवादी कार्यकर्ताहरु गौर अस्पतालमा उपचारका क्रममा



गौर नपा क्षेत्र र लक्ष्मीपूर मा मारिएका माओवादी कार्यकर्ताहरुको लास



हजमिनिया गाविस २ स्थित बौधीदेवी मन्दिर ।



उक्त मन्दिरमा मारिएका माओवादी कार्यकर्ताहरुको लास



गौर नपा क्षेत्र भित्र फेला पारीएको दिपक पाण्डेको शव र उनको साथवाट फेला पारीएको भनिएका सामानहरु



मृतक दिपक पाण्डेको शव र इन्सेटमा उनको तस्वीर



हजमुनिया गाविस २  मा स्थित बौधीदेवी मन्दिरमा मारिएका माओवादीका कार्यकर्ताहरु उषा,सरस्वती र रेखाको लास



वर्वरताको यो रुप :हजमुनिया गाविस २  मा स्थित बौधीदेवी मन्दिरमा मारिएका माओवादी कार्यकर्ताहरुको लास




सडकबाट बरामद भएको -
झोला र बिजुलीको
बरामद भएका
पिस्तौलहरु।



हजमिनिया गाविस २ मा स्थित वाग्मती नदीको वांध, जहांवाट ११ जना माओवादी कार्यकर्तालाई कब्जामा लिई मन्दीरमा लगि हत्या गरीएको थियो ।



हजमुनिया गाविस २ मा स्थित बौधीदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या गरिएको थियो



नृशंस हत्यामा हतियारका रुपमा प्रयोग गरिएका सामाग्रीहरु



हजमुनिया गाविस २ मा स्थित बौधीदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या गरिएको थियो



हजमुनिया गाविस २ मा स्थित बौधीदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या आगो समेत लगाईएको थियो



हजमिनीया गाविस २ मा स्थित बौधीदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या गरिएको थियो



हृजमिनीया गाविस २ मा स्थित बौधीदेवी मन्दिरको परिसर जहां ११ जनाको नृशंस हृत्या गरिएको थियो।


हत्यामा प्रयोग गरीएका थप सामग्रिहरु






मृतकहरु क्रमशः सरस्वती उप्रेती, रेखा परियार, दिपक पाण्डे, गोविन्द अधिकारी र राजन पोखरेल ।



घाइते माओवादीहरूले उपचार गराइरहेको भरतपुर मेडिकल कलेज



चितवनको मेडीकल कलेजमामा उपचाररत घाइतेहरु




जिल्ला अदालतको साइनबोर्डमा मधेसी जनअधिकार फोरमले आन्दोलनको क्रममा राखेको ब्यानर अहिले सम्म कायम रहेको छ ।




सरकारी कार्यालयमा लेखिएको मधेसी सरकार अहिले सम्म कायमै रहेको छ।



गौरमा हाल सम्म पनि सरकारी कार्यलयहरु पूर्णरुपमा संचालनमा आईसकेको छैन यस क्रममा कार्यालय समय अगावै बन्द भएको जिल्ला जन स्वास्थ्य कार्यालय



मधेशी जन अधिकार फोरमले चैत्र ७ गते गौरमा निकालेको  जुलुस



मधेशी जन अधिकार फोरमले चैत्र ७ गते गौरमा निकालेको  जुलुस



नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले  चैत्र ७ गते गौरमा निकालेको  जुलुस



राइसमिल क्षेत्रमा भाषण सुन्दै फोरमका कार्यकर्ताहरु



मधेशी जन अधिकार फोरमका कार्यकर्ताले तोडफोड गरेको नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाको मंच



मधेशी जन अधिकार फोरमका कार्यकर्ताले जलाइदिएको नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाको मंच



आफ्नो मंच तोडफोड गर पश्चात नेकपा(माओवादी)निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताहरुले लखेटेपछि भाग्दै मधेशी जन अधिकार फोरमका कार्यकर्ताहरु र मन्च तोडफोड गर्दै माओवादी कार्यकर्ताहरु।



मधेशी जन धिकार फोरमका कार्यकर्ताद्वार घाईते भएका माओवादीका कार्यकर्ताहरु गौर अस्पतालमा उपचारका क्रममा



मधेशी जनअधिकार फोरमका कार्यकर्ताद्वारा घाइते बनाईएका माओवादी कार्यकर्ताहरु गौर अस्पतालमा उपचारका क्रममा



गौर नपा क्षेत्र र लक्ष्मीपुर मा मारिएका माओवादी कार्यकर्ताहरुको लास



हजमिनिया गाविस २ स्थित बौधीदेवी मन्दिर ।



उक्त मन्दिरमा मारिएका माओवादी कार्यकर्ताहरुको लास




गौर नपा क्षेत्र भित्र फेला पारिएको दिपक पाण्डेको शव र उनको साथबाट फेला पारिएको भनिएका सामानहरु



मृतक विपक पाण्डेको शव र इन्सेटमा उनको तस्वीर



हनुमुनिया गाविस २ मा स्थित बौधीदेवी मन्दिरमा मारिएका माओवादीका कार्यकर्ताहरु उषा,सरस्वती र रेखाको लास





वर्वरताको यो रुप :हृजमुनिया गाविस २  मा स्थित बौधीदेवी मन्दिरमा मारिएका माओवादी कार्यकर्ताहरुको लास



हनमिनिया गाविस २  मा स्थित बागमती नदीको बांध,जहांबाट ११ जना माओवादी कार्यकर्तालाई कब्जामा लिई मन्दीरमा लगि हत्या गरिएको थियो ।



हनमुनिया गाविस २ मा स्थित बीर्षदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या गरिएको थियो



नृशंस हत्यामा हतियारका रुपमा प्रयोग गरिएका सामाग्रीहरु



हनमुनिया गाविस २ मा स्थित बौर्धदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या गरिएको थियो



हनमुनिया गाविस २ मा स्थित बौर्धदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या आगो समेत लगाईएको थियो



हनमिनीया गाविस २ मा स्थित बौर्धदेवी मन्दिरमा जहां ११ जनाको नृशंस हत्या गरिएको थियो



हनमिनीया गाविस २ मा स्थित बौर्धदेवी मन्दिरको परिसर जहां ११ जनाको नृशंस हत्या गरिएको थियो



हत्यामा प्रयोग गरिएका थप सामग्रिहरु






मृतकहरु क्रमशः सरस्वती ओली, रेखा परियार, दिपक पाण्डे, गोविन्द अधिकारी र राजन पोखरेल ।



घाइते माओवादीहरुले उपचार गराइरहेको भरतपुर मेडिकल कलेज



चितवनको मेडीकल कलेजमामा उपचाररत घाइतेहरु




जिल्ला अदालतको साइनबोर्डमा मधेसी जनअधिकार फोरमले आन्दोलनको क्रममा राखेको ब्यानर अहिले सम्म कायम रहेको छ।




सरकारी कार्यालयमा लेखिएको मधेसी सरकार अहिले सम्म कायमै रहेको छ।



गौरमा हाल सम्म पनि सरकारी कार्यालयहरु पूर्णरुपमा संचालनमा आईसकेको छैन यस क्रममा कार्यालय समय अगावै बन्द भएको जिल्ला जन स्वास्थ्य कार्यालय



वीर नगर पालिका
उत्तर
वडा
१०
वडा
१३
सिर्सिया
१२
पुरैनवा
वडा